# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, साउन १२ गते, २०७७ साल (संख्या १५


# भाग ३

नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

सूचना १

## मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७७"रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विश्वविद्यालय" भन्नाले सङ्घीय कानून बमोजिम स्थापना हुने मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति सम्झनु पर्छ ।

३. **समितिको गठन**: (१) विश्वविद्यालयको भौतिक,संस्थागत तथा कानूनी पूर्वाधार तयार गर्न मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्राध्यापकको अनुभव भएका वा विज्ञान, प्रविधि, प्रौद्योगिक वा व्यवस्थापन क्षेत्रको विज्ञ व्यक्तिहरूमध्येबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, मन्त्रालय - सदस्य

(घ) विज्ञान, प्रविधि तथा प्रौद्योगिक विषयको क्षेत्रमाकम्तीमा पाँच वर्ष अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट एक महिला सहित दुई जना - सदस्य

(ङ) समाज विज्ञान,व्यवस्थापन वा कानून विषयमा प्राध्यापकको अनुभव हासिल गरेका प्राध्यापक वा सो सरहका व्यक्तिहरूमध्येबाट एक जना - सदस्य

(च) निजी क्षेत्रमा प्रौद्योगिक विषयसँग सम्बन्धित उद्योग वा व्यवसायमा संलग्न व्यक्तिहरू मध्येबाट दुई जना - सदस्य

(छ) प्रतिष्ठित समाजसेवी व्यक्तिहरू मध्येबाट एक जना - सदस्य

(३) अध्यक्ष तथा उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यको नियुक्ति नेपाल सरकार, मन्त्रिपरिषद्ले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पदावधि दफा २२ को अधीनमा रही समितिको कार्यावधिसम्म कायम रहनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो सदस्यलाई हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६)समितिमा कार्यरत बरिष्ठ कर्मचारीहरुमध्ये समितिले तोकेको कर्मचारीले समितिको सचिवको हैसियतले काम गर्नेछ ।

४. **<u>सदस्यको योग्यता र अयोग्यता</u>**: (१) देहायको योग्यता पुगेको व्यक्ति सदस्य पदमा नियुक्ति हुन योग्य हुनेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पैंतीस बर्ष उमेर पूरा भएको,

(ग) कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको,

(घ) उच्च नैतिकता कायम गरेको ।

(२) देहायको व्यक्ति सदस्य पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैन :-

(क) उपदफा (१) बमोजिम योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वानिकासी पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, किर्ते वा नैतिक

पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्त हुन योग्य नभएको,

(घ) कुनै विदेशी मुलुकको आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको।

५. **पद रिक्त हुने अवस्था**:(१) देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (५) बमोजिम निजलाई पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा दफा २२ को अधीनमा रही बाँकी अवधिको लागि अर्को सदस्य नियुक्ति गर्न सकिनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको भौतिक तथा संस्थागत संरचना तयार गर्ने,

(ख) विश्वविद्यालय स्थापना गर्न आवश्यक सम्भाव्यता अध्ययन गर्ने वा गराउने र विश्वविद्यालय स्थापना र सञ्चालनका

लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने,

(ग) विश्वविद्यालय सञ्चालनका लागि आवश्यक कार्यालय, प्रयोगशाला, छात्रावास, शिक्षक तथा कर्मचारी निवास, पुस्तकालय भवन, अतिथि सदन, क्रिडास्थल, खुला क्षेत्र र फोहोर मैला व्यवस्थापन स्थल जस्ता भौतिक संरचनाका लागि दफा १६ को अधीनमा रही आवश्यक जग्गा खरिद गर्ने वा जग्गा प्राप्त गर्न नेपाल सरकारसँग समन्वय गर्ने,

(घ) विश्वविद्यालय क्षेत्र र यसका संरचनाको गुरुयोजना तयार गर्ने,

(ङ) खण्ड (क) बमोजिमका संरचना निर्माण गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउने,

(च) विश्वविद्यालय स्थापनाको लागि विषयगत भर्ना तालिका, अनुसन्धान क्षेत्र, आवश्यक मानव संशाधन सहितको परियोजनाको प्रस्ताव तयार गर्ने,

(छ) विश्वविद्यालय स्थापना तथा सञ्चालनको लागि आवश्यक विधेयकको मस्यौदा तयार गर्ने,

(ज) विश्वविद्यालयमा पठन पाठन गराउने वा अनुसन्धान गराउने सम्भावित विभाग र सङ्काय(फ्याकल्टी) को सूची तयार गर्ने,

(झ) विश्वविद्यालयसँग सहकार्य गर्नको लागि सम्भाव्य उच्च शिक्षण संस्थाहरूको सूची तयार गर्ने र सम्बन्ध स्थापना गर्ने,

(ञ) विश्वविद्यालयलाई विभिन्न किसिमबाट सघाउन सक्ने स्वदेशी वा विदेशी प्राध्यापक, अनुसन्धानकर्ता र विशेषज्ञहरूको सूची तयार गर्ने,

(ट) विश्वविद्यालयबाट स्वीकृत हुने गरी पाठ्यक्रमको मस्यौदा र उपकरणको सूची तयार गर्ने,

(ठ) समितिको वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ड) प्रचलित कानून बमोजिम सार्वजनिक खरिद गर्नका लागि आवश्यक पर्ने बोलपत्र सम्बन्धी कागजात (टेण्डर डकुमेण्ट) तयार गर्ने र बोलपत्र आह्वान गर्ने,

(ढ) निर्माण कार्य गराउने, सामग्री खरिद गर्ने र परामर्शदाताको सेवा लिने,

(ण) विश्वविद्यालयको विकाससँग सम्बन्धित अन्य विषयमा प्रदेश सरकार, स्थानीय तह,जनप्रतिनिधि,स्थानीय नागरिक समाज तथा अन्य सरोकारवालाहरूसँग परामर्श गर्ने र सुझाव लिने,

(त) आवश्यकता अनुसार विश्वविद्यालयका सम्बन्धमा गोष्ठी, कार्यशाला, प्रवचन कार्यक्रम सञ्चालन गर्ने,

(थ) विश्वविद्यालय स्थापनाको लागि गर्नु पर्ने आवश्यक तयारीका लागि अन्य काम गर्ने वा गराउने ।

७. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>: (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिको सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि नै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्येबाट वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यकता अनुसार नेपाल सरकारका अधिकृत, कुनै विश्वविद्यालय वा प्राविधिक शिक्षालयको स्थापना तथा सञ्चालनको ज्ञान भएका विज्ञहरूलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **अध्यक्षको सेवा शर्त सम्बन्धी व्यवस्था**: (१) अध्यक्ष समितिमा पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ ।

(२) अध्यक्षको पारिश्रमिक तथा अन्य सेवा सुविधा केन्द्रीयस्तरको विश्वविद्यालयको उपकुलपति सरह हुनेछ ।

(३)अध्यक्ष समितिको काम, कारबाही तथा यसका उपलब्धिका लागि नेपाल सरकारप्रति जवाफदेही हुनेछ ।

९. **अध्यक्षको काम, कर्तव्य र अधिकार**: यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको समग्र व्यवस्थापन,सञ्चालन गर्ने वा गराउने,

(ख) विश्वविद्यालय स्थापना गर्न आवश्यक तयारीको कार्ययोजना तयार गरी स्वीकृतिका लागि समितिमा पेश गर्न समितिको सचिवलाई निर्देशन दिने,

(ग) समितिको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(घ) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा संघ, संस्थासँग सम्पर्क राख्ने र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी समझदारी (मेमोरेण्डम अफ अन्डरस्टान्डिङ) गर्ने,

(ङ) कार्यालय प्रमुखको हैसियतले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्ने,

(च) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(छ) तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने ।

१०. **मानवस्रोत व्यवस्थापन**: (१) समितिको कार्य सम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको पद र सङ्ख्या नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमका कर्मचारीहरू समितिले निर्धारण गरे बमोजिम निश्चित अवधिका लागि आवधिक करारमा नियुक्ति हुनेछन् र निजहरूको काम सन्तोषजनक देखिएमा करारको अवधि थप गर्न सकिनेछ ।

(४) यस दफा बमोजिमका कर्मचारी वा विज्ञको नियुक्ति, पारिश्रमिक, सेवाका शर्तहरू तथा सुविधा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिमा कर्मचारी नियुक्त नभएसम्म समितिको कार्य सञ्चालन गर्न आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

११. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायको रकम रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम,

(ख) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त हुने रकम,

(घ) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त हुने रकम।

(२) उपदफा (१) को खण्ड (ख) वा (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम 'क' वर्गको इजाजतपत्र प्राप्त कुनै बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) समितिलाई जुन कार्यक्रम वा प्रयोजनको लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

(६) समितिको कोषको खाता अध्यक्ष र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(७) समितिको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. **लेखा र लेखापरीक्षण** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिले नेपाल सरकारले अबलम्बन गरे बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्नेछ ।

(३)समितिको आन्तरिक लेखा परीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो अन्तर्गतको निकायबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले समितिको आय व्ययको लेखा तत् सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१३. **सल्लाहकार समिति**: (१) विश्वविद्यालयको स्थापना तथा सञ्चालनको तयारीका लागि सरोकारवालाहरूको समर्थन र सहयोग जुटाउने उद्देश्यका लागि समितिले एक सल्लाहकार समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सल्लाहकार समितिमा समितिले निर्धारण गरेको सङ्ख्यामा सल्लाहकार रहन सक्नेछन् ।

१४. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य सुचारु रूपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्यावधि त्यस्तो

उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **बैठक भत्ता तथा अन्य सुविधा** : समितिका सदस्यले समितिको बैठकमा भाग लिएबापत नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिमको बैठक भत्ता तथा अन्य सुविधाहरू पाउनेछन् ।

१६. **विश्वविद्यालयको पूर्वाधार निर्माणस्थल:** विश्वविद्यालयको भवन तथा अन्य पूर्वाधार संरचनाको निर्माण नेपाल सरकारले तोकेको स्थानमा हुनेछ ।

१७. **समितिको कार्यालय**: (१) समितिको मुख्य कार्यालय नेपाल सरकारले तोकेको स्थानमा हुनेछ।

(२) समितिले दफा १६ बमोजिमको पूर्वाधार निर्माणस्थलमा फिल्ड कार्यालय स्थापना गर्न सक्नेछ ।

१८. **अधिकार प्रत्यायोजन**:(१) समितिले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२)यस आदेश बमोजिम अध्यक्षले आफूलाईप्राप्त कुनै अधिकार समितिका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्ने सक्नेछ ।

१९. **वार्षिक प्रतिवेदन पेश गर्ने**: (१) समितिले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य, समितिको वार्षिक नीति, योजना र कार्यक्रमको

कार्यान्वयनको स्थिति र त्यसको उपलब्धी तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन नेपाल सरकार आफैंले वा नेपाल सरकारको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ ।

२०. <u>नेपाल सरकारसँग सम्पर्क</u>: समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२१. <u>नियम बनाउने अधिकार</u>: (१)यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरूबनाउँदा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने भएमा सो सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका नियमहरु नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन्।

२२. <u>समितिको कार्यावधि</u>: (१) समितिको कार्यावधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले दुई वर्ष वा विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा व्यवस्था भएको ऐन प्रारम्भ भएको मितिले पैंतालीस दिन मध्ये जुन पहिले हुन्छ सो दिनसम्म रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको कार्यावधि पूरा भए पछि समिति स्वत: विघटन हुनेछ र यसका पदाधिकारी तथा कर्मचारी स्वत: पदमुक्त हुनेछन् ।

(३) उपदफा (२) बमोजिम समिति विघटन भएमा समितिको तत्काल कायम रहेको जायजेथा स्वत: नेपाल सरकारमा हस्तान्तरण हुनेछ ।